# शिक्षा (नवौं संशोधन) ऐन, २०७४




नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरवार

# शिक्षा (नवौं संशोधन) ऐन, २०७४

<u>प्रमाणीकरण मिति</u>
२०७४।०७।०६

संवत् २०७४ सालको ऐन नं. ४६

<u>शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न बनेको ऐन</u>

<u>प्रस्तावना</u> : शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका- संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "शिक्षा (नवौं संशोधन) ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>शिक्षा ऐन, २०२८ को दफा ११च. मा संशोधन</u>** : शिक्षा ऐन, २०२८ को दफा ११च. को.-

(१) उपदफा (१) को खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यांशको उपखण्ड (३) मा रहेका "उनन्चास प्रतिशत भन्ने शब्दहरुको सट्टा "पचहत्तर प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "एकाउन्न प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पच्चीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ ;-

"(३क) यो उपदफा प्रारम्भ हुँदाका बखत उपदफा (३) बमोजिम पदपूर्तीको लागि आयोगबाट भएको विज्ञापन बमोजिम परेको अस्थायी शिक्षकको दरखास्त कायमै राखी यो दफा प्रारम्भ भएपछि उम्मेदवार हुन चाहनेहरुको लागि कम्तीमा सात दिनको अवधि दिई पुनः दरखास्त आह्वान गर्नु पर्नेछ ।"

(४) उपदफा (८) झिकिएको छ ।

(५) उपदफा (९) मा रहेका "उपदफा (८) बमोजिम निवेदन दिने अस्थायी शिक्षकको उपदफा (१) को खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम हुने" भन्ने शब्दहरुको सट्टा "सम्वत् २०७३ साल असार पन्ध्र गतेसम्म अविच्छिन्न रुपमा कार्यरत रहेका अस्थायी शिक्षकले स्थायी पदको लागि भएको विज्ञापनमा दरखास्त नदिएमा वा दरखास्त दिए पनि स्थायी पदमा आयोगबाट नियुक्तिको लागि सिफारिस हुन नसकेमा त्यस्ता शिक्षकलाई उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम भएको" भन्ने शब्दहरु राखिएका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(६) उपदफा (१०) मा रहेको "प्रतिबन्धात्मक वाक्यांशको उपखण्ड (१) र (२)" भन्ने शब्दहरुको सट्टा "प्रतिबन्धात्मक वाक्यांश" भन्ने शब्दहरु राखिएका छन् ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय